भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)

लुम्बिनी प्रदेश, नेपाल

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खाबाङबगर, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३

प. सं. २०८१।०८२ मितिः २०८२।०३।२५

च. नं. १६०५

**विषयः सामाजिक सुरक्षा कोषमा योगदानकर्ताको रुपमा सूचिकृत हुने सम्बन्धमा ।**

श्री करार सेवामा कार्यरत सम्पुर्ण कर्मचारीहरु (सबै)

भूमे गाउँपालिका,

रुकुम पूर्व(भाग)।

प्रस्तुत विषयमा नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०८२।०१।०१ गते नेपाल राजपत्रमा प्रकाशन भएको सूचना बमोजिम यस भूमे गाउँपालिका अन्तर्गतका कार्यालयहरुमा करार सेवामा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा २१ अनुसार योगदानकर्ताको रुपमा सूचीकृत हुन ईच्छुक कर्मचारीहरुले देहाय अनुसार कट्टी हुने गरी तपसिलका कागजातहरु तथा विवरण सहित तोकिएको ढाँचामा तिन (५) दिन (मिति २०८२।०३।३० गते) भित्र निवेदन पेश गर्नुहुन अनुरोध छ ।

**देहायः**

*योगदानकर्ताको खाईपाई आएको तलबको कम्तीमा साठी प्रतिशतलाई आधारभूत तलब मानी त्यसको बिस प्रतिशत भूमे गाउँपालिकाबाट र एघार प्रतिशत सम्बन्धित योगदानकर्ताको तर्फबाट कट्टा गरी जम्मा गर्नु पर्नेछ ।*

**तपसिलः**

१. सामाजिक सुरक्षा कोषमा आवद्ध हुन पेश गर्ने निवेदन ।

२. निवेदकको पछिल्लो नियुक्ति/सम्झौताको प्रतिलिपि ।

३. नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

४. पासपोर्ट साईजको दुई प्रति फोटो ।

**बोधार्थः**

श्री सूचना तथा प्रविधि शाखा - यो पत्र कार्यालयको वेवसाइटमा अपलोड गर्नुहुन ।

....................

देवीलाल वि.क

प्रमुख प्रशासकिय अधिकृत

देविलाल वि.क.

प्रमुख प्रशासकीय अधिकृत